अनुसूची -२
(नियम ८ को उप नियम २ सँग सम्बन्धित)

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय

खलंगा, सल्यान

## मुख्यमन्त्री दलित आय आर्जन प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धी सुचना

प्रथमपटक सुचना प्रकाशित मितिः- २०८१/१०/२३ गते

कर्णाली प्रदेश सरकारले गरिब, वेरोजगार तथा विपन्न दलित समुदायको परम्परागत पेशा वा व्यवसायलाई आधुनिकीकरण गर्दै आयआर्जन क्षमता विकास गर्न देहायका कार्यक्रम सञ्चालन गर्न लागेको हुँदा यस कार्यक्रममा सहभागी हुन चाहने सल्यान जिल्ला भित्रका ईच्छुक दलित, दलित समुदाय तथा दलितलाई वित्तिय पहुँच सेवा दिन ईच्छुक सहकारी संस्थाले यो सुचना प्रथमपटक प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र देहाय बमोजिमका कागजात संलग्न राखि यस उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय सल्यानमा आवेदन दिनहुन मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रम सञ्चालन नियमावली २०८० को दफा ८ को उपदफा (२) बमोजिम यो सुचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | कार्यक्रम | आवश्यक लाभग्राही संख्या |
|---|---|---|
| १ | सीप विकास तालिम कार्यक्रम<br>क)घरायसी सजावटका सामाग्री (गुडिया) बनाउने तालिम ।<br>ख)आरन सुधार तालिम ।<br>ग)एडभान्स सिलाई कटाई तालिम<br>(माथिका ३ मध्ये १ छान्नुपर्ने) | ६० जना |
| २ | सामाग्री तथा पुर्वाधार सहयोग कार्यक्रम | १० जना |
| ३ | वित्तिय पहुँच सहयोग कार्यक्रम | ३३ जना |

आवश्यक कागजातहरु

१.सीप विकास तालिम कार्यक्रमको लागि आवश्यक कागजात

क) नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचय पत्र

ख) सम्वन्धित निर्वाचन क्षेत्रभित्र कम्तिमा ६ महिना अगाडी देखि बसोबास गरेको, समान प्रकृतीको कार्यक्रमबाट लाभ प्राप्त नगरेको, विपन्न नागरिक भएको र परम्परागत रुपमा पेशा गर्दै आएको व्यहोराको स्थानिय तहको सिफारिश ।

ग) नियमावलीको अनुसूची-३ बमोजिमको आवेदन ।

घ) सीप विकास तालिम कार्यक्रमका लागि परम्परागत पेशा वा व्यवसायमा संलग्न भएको प्रमाण र तालिम पछी आयआर्जन व्यवसायमा संलग्न हुने कवुलियतनामा ।

२.सामाग्री तथा पुर्वाधार सहयोग कार्यक्रमका लागि आवश्यक कागजात :

क) नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचय पत्र

ख) सम्वन्धित निर्वाचन क्षेत्र भित्र कम्तिमा ६ महिना अगाडी देखि बसोबास गरेको, समान प्रकृतीको कार्यक्रमबाट लाभ प्राप्त नगरेको, विपन्न नागरिक भएको र परम्परागत रुपमा पेशा गर्दै आएको व्यहोराको स्थानिय तहको सिफारिश ।

श्यामलाल
कार्यालय प्रमुख

ग) नियमावलीको अनुसूची १ बमोजिमको व्यावसायिक योजना, लागत साझेदारी प्रस्ताव, व्यवसाय दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

घ) पेशा व्यवसायलाई आधुनिकिकरण गर्न आवश्यक मेशिन, उपकरण वा पुर्वाधार निर्माणको व्यावसायिक प्रस्ताव

च)दलितलाई संगठित गरि सामुहिक रुपमा उत्पादन तथा आयआर्जनका क्रियाकलाप व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक पुर्वाधार निर्माण सम्बन्धी आयोजना प्रस्ताव

छ)सीप अभिबृद्धी तालिम प्राप्त गरि रोजगारीमा आवद्ध हुन चाहने लाभग्राहीले आवश्यक सामाग्री वा उपकरण खरिद तथा उद्योग स्थापनकाका लागि आयोजना प्रस्ताव

ज)लाभग्राहीलाई संगठित गरि सामुहिक स्तरमा आय आर्जनका क्रियाकलाप सञ्चालन गर्न सहयोग पुग्ने सहकारी, साझेदारी उद्योग वा व्यवसाय सम्वन्धी साझेदारीयुक्त लागत प्रस्ताव

झ)समुहगत लाभग्राहीको हकमा प्रत्येक समुहमा फरक फरक घरपरिवारका कम्तीमा पन्ध्र जना लाभग्राही समेटिएको समुहको निर्णयको प्रतिलिपी र सदस्यको नामावली

ञ)पेशा वा व्यवसायलाई निरन्तरता गर्ने प्रतिवद्धता

**३. वित्तिय पहुँच सहयोग कार्यक्रमका लागि पेश गर्नुपर्ने कागजात :**

क) सहकारी संस्थाको संस्था दर्ता प्रमाणपत्र, विनियम, पछिल्लो लेखापरिक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।

ख) नियमावलीको अनुसूची १ बमोजिमको व्यावसायिक योजना र अनुसूची ४ बमोजिमको प्रतिवद्धता

ग)सहकारी संस्थाको साधारण सभा वा सञ्चालक समितिबाट विउपूँजि रकम प्राप्त गरि आयआर्जन कार्यक्रममा अधिकतम् परिचालन गर्ने व्यहोराको निर्णयको प्रतिलिपी

घ)सहकारी संस्थाको कार्यक्षेत्र, वित्तिय क्षमता, शेयर सदस्य संख्या र संगठनात्मक संरचनाको विवरण खुलेको कागजात

ङ)पेशा वा व्यवसायलाई निरन्तरता गर्ने लिखित प्रतिवद्धता ।

**४. वित्तिय पहुँच सहयोग कार्यक्रमका लागि व्यक्तीले पेश गर्नुपर्ने कागजात :**

क) नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचय पत्र

ख) अनुसूची ३ अनुसारको आवेदन ।

ग) कार्यविधीको अनुसूची १ बमोजिमको व्यावसायिक योजना, लागत साझेदारी प्रस्ताव, सम्बन्धित पेशा वा व्यवसायको तालिम लिएको प्रमाण पत्र, व्यवसाय दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी

घ)पेशा वा व्यवसायलाई आधुनिकीरण गर्न आवश्यक मेशिन उपकरण वा पुर्वाधार निर्माणको व्यावसायिक प्रस्ताव

ङ)समुहगत लाभग्राहीको हकमा प्रत्येक समुहमा फरक फरक घरपरिवारका कम्तीमा पन्ध्र जना लाभग्राही समेटिएको समुहको निर्णयको प्रतिलिपी र सदस्यको नामावली ।

च) पेशा वा व्यवसायलाई निरन्तरता गर्ने प्रतिवद्धता

**नोट : उल्लेखित कार्यक्रमका आवेदन फारम लगायत अन्य फारमहरु यस कार्यालयबाट निशुल्क उपलब्ध हुनेछ**


थप जानकारीका लागि सम्पर्क :

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय

खलंगा सल्यान

कार्यालय सम्पर्क.नं. ०८८ ५२००१२, ९८५७८५५९८४

१.श्री जनक खड्का, ९८५११५०००४

२.श्री ध्रुब बहादुर खत्री, ९८५७८८४९८४

श्यामलाल खराल

कार्यालय प्रमुख